नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति : २०६७।१२।१०

बाग्मती अञ्चल, रसुवा जिल्लाका डाँडागाउँ, ठूलोगाउँ, राम्चे र लहरेपौवा गा.वि.स. तथा नुवाकोट जिल्लाको मनकामना गा.वि.स.मा अवस्थित त्रिशुली खोलामा ६० मेगावाट क्षमताको **माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री नेपाल विद्युत प्राधिकरण, दरबारमार्ग, काठमाडौंलाई नेपाल सरकारको मिति २०६७।११।१५ को निर्णय अनुसार प्रदान गरिएको छ । यस आयोजनाबाट वार्षिक ४९० गिगावाट घण्टा विद्युत शक्ति उत्पादन हुने छ । उक्त आयोजनाबाट उत्पादन हुने विद्युत ४८ कि.मि. लामो २२० के.भी. डबल सर्किट प्रसारण लाइन मार्फत मातातिर्थ सव-स्टेशनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा समाहित गरिने छ । यो आयोजना तीन वर्षभित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

**मोती बहादुर कुँवर**
सहसचिव